स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल

Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

बुढीगण्डकी जलविद्युत आयोजना निर्माण गर्न लगानीका तीन विकल्प प्रस्ताव

https://www.setopati.com/kinmel/medical/322412

नेपाल–भारत विद्युत व्यापारको अन्तर्य - राष्ट्रिय स्वार्थ र स्वाधीनतामाथिको छलछाम !

https://www.ekagaj.com/article/thought/163326/

जलविद्युतले मात्रै बजार धान्दै, अरू सबै क्षेत्र सुस्ताए, बजार वृद्धि दिगो होला ?

https://www.merolagani.com/NewsDetail.aspx?newsID=99511

राष्ट्रिय गौरवका आयोजनाको प्रगति निराशाजनक

https://nepalkhabar.com/economy/191602-2024-2-12-21-13-42

## मध्य भोटेकोशीको सुरुङ परीक्षणको क्रममा चुहियो पानी

https://www.nepalpress.com/2024/02/12/429217/

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक
नयाँ पत्रिका
nayapatrikadaily.com

# सूर्यकुण्ड हाइड्रोले आइपिओ जारी गर्ने, बिक्री प्रबन्धकमा नेपाल एसबिआई मर्चेन्ट



**काठमाडौं/** अपि पावर कम्पनीको मुख्य लगानी रहेको सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेडले साधारण सेयर प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) निष्कासन गर्ने भएको छ। कम्पनीले १०० अंकित दरमा २० करोड रुपैयाँबराबरको २० लाख कित्ता आइपिओ निष्कासन गर्ने भएको हो। कम्पनीले सेयर निष्कासन तथा बिक्री प्रबन्धकका रूपमा नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेड नियुक्त गरेको छ। सूर्यकुण्ड हाइड्रोका अध्यक्ष सतिश न्यौपाने र एसबिआई मर्चेन्टका प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखरेलले सेयर निष्कासनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।

सूर्यकुण्ड हाइड्रोले नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका वडा नं १ स्थित अप्पर तादी खोला हाइड्रोपावर प्रोजेक्टमा ११ मेगावाट क्षमताको विद्युत् आयोजना निर्माण गरिरहेको छ। आयोजनाको निर्माण कार्य करिब ५० प्रतिशत सम्पन्न भइसकेको कम्पनीले जनाएको छ। आयोजनाको कुल लागत २२० करोड रुपैयाँ रहने र आयोजनाका लागि आवश्यक ऋण १३५ करोड रुपैयाँ नेपाल एसबिआई बैंक लिमिटेडको एकल लगानीबाट सम्पन्न भएको बताइएको छ।

वर्ष १९ । अंक १२७ । काठमाडौं । बुधवार, २४ माघ २०८० । Wednesday, 7 February 2024 । पृष्ठ ८ । मूल्य रु. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

www.abhiyandaily.com

राष्ट्रिय दैनिक

# बुटवल पावरको नाफा करीब १८ करोड रुपैयाँ

काठमाडौं (अस) । बुटवल पावर कम्पनी लिमिटेडले चालू आर्थिक वर्षको ६ महीनामा १७ करोड ८३ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ । गत वर्षको तुलनामा यस वर्ष कम्पनीको खुद नाफा घटेको हो । गत वर्ष यस अवधिसम्म कम्पनीले २२ करोड ८७ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको थियो ।

यस वर्ष कम्पनीको विद्युत् बिक्री आम्दानी कम भएसँगै नाफामा असर परेको हो । गत वर्ष ४३ करोड १५ लाख रुपैयाँभन्दा बढी विद्युत् बिक्री आम्दानी गरेको कम्पनीले यस वर्ष ४१ करोड ३९ लाख रुपैयाँभन्दा बढी यो आम्दानी गरेको हो ।

वित्तीय खर्च गत वर्ष ६४ लाख रुपैयाँभन्दा बढी भएकोमा यस वर्ष ५२ लाख रुपैयाँभन्दा बढी भएको हो ।

हाल कम्पनीको चुक्ता पूँजी ३ अर्ब ४० करोड ९० लाख रुपैयाँ छ । जगेडा कोष रकम भने ३ अर्ब ६३ करोड रुपैयाँभन्दा बढी छ ।

दोस्रो त्रैमाससम्म कम्पनीको प्रतिशेयर आम्दानी ५ रुपैयाँ २३ पैसा र प्रतिशेयर नेटवर्थ २०६ रुपैयाँ ७३ पैसा रहेको छ ।